# व्यास नगरका दरै समुदायको सामाजिक रुपान्तरण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत
समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक प्रयोजनको लागि समाजशास्त्र
तथा ग्रामिण विकास विभाग पृथ्वीनारायण क्याम्पस
पोखरामा प्रस्तुत

***शोध पत्र***


शोधार्थी

**कृष्ण प्रसाद तिवारी**

**क्याम्पस रोल नं. ११४/०६२**

**परीक्षा रोल नं. ४८०१८६/०६६**

**रजिष्ट्रेसन नं. १६१७९-९४**


**त्रिभुवन विश्वविद्यालय**

**पृथ्वीनारायण क्याम्पस, पोखरा**

२०७६

व्यास नगरका दरै समुदायको सामाजिक रुपान्तरण   शोधार्थी : कृष्णप्रसाद तिवारी,   २०७६

# व्यास नगरका दरै समुदायको सामाजिक रुपान्तरण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत
समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक प्रयोजनको लागि समाजशास्त्र
तथा ग्रामिण विकास विभाग पृथ्वीनारायण क्याम्पस
पोखरामा प्रस्तुत

***शोध पत्र***

शोधार्थी
कृष्ण प्रसाद तिवारी
क्याम्पस रोल नं. ११४/०६२
परीक्षा रोल नं. ४८०१८६/०६६
रजिष्ट्रेसन नं. १६१७९-९४

त्रिभुवन विश्वविद्यालय
पृथ्वीनारायण क्याम्पस, पोखरा
२०७६

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
पृथ्वीनारायण क्याम्पस
PRITHVI NARAYAN CAMPUS
( ........................ )
पत्र संख्या
चलानी नं.
520142
520143
520389
523462
526837
527440
531944
भीमकाली पाटन, पोखरा, नेपाल
Bhimkali Patan, Pokhara, Nepal

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, पृथ्वीनारायण बहुमुखी क्याम्पस समाजशास्त्र तथा ग्रामिण विकास विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका निम्ति शोधार्थी छात्र कृष्ण प्रसाद तिवारीद्वारा **"व्यास नगरका दरै समुदायको सामाजिक रुपान्तरण"** शीर्षकमा सम्बन्धित शोधपत्र आवश्यक मूल्याङ्नका लागि समिति समक्ष सिफारिस गर्दछु ।

.......................................

(तेज प्रसाद सुवेदी)

**शोध निर्देशक**

समाजशास्त्र तथा ग्रामिण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

**मितिः २०७६ / ०४ /१५**

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
# पृथ्वीनारायण क्याम्पस
PRITHVI NARAYAN CAMPUS
( ........................ )
पत्र संख्या
चलानी नं.
520142
520143
520389
523462
526837
527440
531944
भीमकाली पाटन, पोखरा, नेपाल
Bhimkali Patan, Pokhara, Nepa

## स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, पृथ्वीनारायण बहुमुखी क्याम्पस समाजशास्त्र तथा ग्रामिण विकास विभाग अन्तर्गत, समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको निमित्त शोधार्थी छात्र कृष्ण प्रसाद तिवारीद्वारा प्रस्तुत भएको **"व्यास नगरका दरै समुदायको सामाजिक रुपान्तरण"** शीर्षकको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

## मूल्याङ्कन समिति

....................................
(तेजप्रसाद सुवेदी)
**शोध निर्देशक**

....................................
(रामचन्द्र बराल)
**बाह्य परीक्षक**

.............................
(प्रा.डा.विश्वकल्याण पराजुली)
**विभागीय प्रमुख**

**रिपोर्ट बुझाएको मिति : २०७६/०४/१४**
**मौखिक परीक्षा मिति: २०७६/०४/२८**

# कृतज्ञताज्ञापन

धेरै जातजातिको बसोबास रहेको हाम्रो देशमा न्यून संख्यामा रहका जातिहरु मध्ये दरै जाति पनि एक हुन् । दरै जातिका आफ्नै भूमिका, महत्व र योगदान रहेको छ । यो जातिको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षको अध्ययन गरी देखा परेका परिवर्तनको बारेमा यस शोधपत्रमा अधययन गरिएको छ । प्रस्तुत शोधपत्र मैले पृथ्वीनारायण क्याम्पस मानाविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपूर्तिको लागि तयार पारिएको हो । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा अध्ययनको शीर्षक छनोट गर्ने सन्दर्भदेखि आफ्नो अमूल्य समय खर्चेर कुशल निर्देशन दिनुहुने उप-प्राध्यपक श्री तेजप्रसाद सुवेदीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । मेरो शोधपत्र प्रस्तावना स्वीकृत गरी यस शोधपत्र तयार गर्ने अवसरका साथै आवश्यक मार्गदर्शन गर्नुभएकोमा विभागीय प्रमुख प्रा.डा.विश्वकल्याण पराजुलीज्यूप्रति कृतज्ञ छु । त्यसैगरी स्नातकोत्तर तह समाजशास्त्र विषय अध्ययन गराउनु हुने सम्पूर्ण गुरुहरुप्रति पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

तथ्याङ्क संकलनमा सहयोग पऱ्याउने उत्तरदाता,जानकार व्यक्तिहरु पनि धन्यवादका पात्र हुनुहुन्छ । यो शोधपत्र तयार गर्ने क्रममा लेखन कार्यलाई तथ्यपूर्ण र यथार्थ बनाउनका निम्ति मलाई आवश्यक सामाग्री उपलब्ध गराई दिने व्यास नगरपालिकाका कर्मचारी साथीहरु, व्या.न.पा.वडा नं.१० का वडा अध्यक्ष तुलसीराम सापकोटा ज्यू , वडा नं.१ का वडाध्यक्ष खरसिं दरै मेरा दाजु दुर्गा प्रसाद पौडेल, स्थानीय बुद्धिजिवि दिर्घ बहादुर दरै,पदम बहादुर दरै,चेत बहादुर दरै,मान बहादुर दरै शान्ति दरै, मैया दरै प्रति आभार व्यक्त गर्दछु । मेरा गुरु प्रेमप्रकाश भट्टराई प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । त्यसैगरी उत्तरदाताको घरघरमा पुगी तथ्याङक संकलन गर्ने कार्यमा सहयोग गर्नुहुने मेरा साथीहरु विश्वनाथ अधिकारी, आदिकवि क्याम्पसका सहायक प्राध्यापक जनक काफ्ले, उदयनाथ अधिकारी प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

शोध अध्ययनका क्रममा घरायसी कार्य व्यस्तताबाट अनुकूल समय मिलाई दिएर सहयोग गर्नुहुने मेरा पुजनीय पिता विष्णुप्रसाद तिवारी, आमा गणेश कुमारी तिवारी श्रीमती सुस्मिता तिवारी, छोराहरु राजेश,आयुष र अभिषेक प्रति पनि धन्यवाद दिन चाहन्छु । यस शोध पत्र तयार गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति, संघसंस्था र त्यहाँ कार्यरत कर्मचारीहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । संकलित तथ्याङक र सामाग्रीलाई होशियारी पूर्वक कम्प्युटर टाइप कार्यमा सहयोग पऱ्याउने गोल्डेन कम्प्युटर दमौलीका संगिता लोहनी कुंवरलाई पनि यस अवसरमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

**२०७६ श्रावण १४** **कृष्णप्रसाद तिवारी**

# शोध सार


नेपाल विविधतामय देश हो । यहाँका विभिन्न जनजातिहरुको आ आफ्नो सामाजिक एवं सांस्कृतिक विविधताद्धारा नेपाललाई चिनाएका छन् । यस्तै विभिन्न जनजाति मध्ये दरै जाति पनि एक हो । तनहुँ जिल्ला व्यास न.पा.वडा नं.१० मा बसोबास गर्ने ७५ घरधुरीका दरै जातिको अध्ययन यो शोधपत्रमा गरिएको छ । शोधको शीर्षक "**व्यास नगरका दरै समुदायको सामाजिक रुपान्तरण**" रहेकोले दरै जातिले परम्परागत पेशाबाट जीवन नचल्ने भएपछि आधुनिकीकरणसँगै मर्यादित ठानिने व्यावसाय,रोजगारी वैदेशिक रोजगार जस्ता धेरै अवसर प्राप्त हुने स्थिति आएपछि परम्परागत पेशा छाड्दै आधुनिक पेशातर्फ लम्कदै गएको यसबाट उनीहरुको सामाजिक,आर्थिक जीवनमा परिवर्तन आएको अवश्थालाई उल्लेख गरिएको छ । त्यसैले आधुनिकीकरण सँगै परमपरागत पेशाहरु विस्थापित हुँदै गएको परिस्थितिमा दरै जातिको परम्परागत पेशामा आएको परिवर्तनको प्रवृत्ति बारे अध्ययन गर्न निम्नानुसारका प्रश्नहरुको उत्तर खोज्दै अध्ययन गर्न उपर्युक्त महशुश गरिएको छ ।

- किन दरै समुदायका युवाहरु परम्परागत पेशा छाडी अन्य पेशातर्फ आकर्षित हुँदैछन् ?
- परम्परागत पेशा अहिलेको अवश्थामा कस्तो छ ?
- परम्परागत पेशा छाडी अन्य पेशातर्फ लाग्नुका कारणहरु के के होलान ?
- परम्परागत पेशाबाट उनीहरुको आधारभूत आवश्यकता पुरा भएको छ कि छैन ?
- परम्परागत पेशा छाडी आधुनिक पेशामा लाग्ने क्रम कस्तो छ ?
- हाल उनीहरुको आर्थिक,सामाजिक,अवस्था कस्तो छ ?

जस्ता आधारभूत प्रश्नहरुको उत्तर खोज्दै अध्ययन गरी एक दस्तावेज तयार पार्नु यस शोधपत्रको प्रमुख उद्देश्य हो । यस अध्ययनमा तनहुँ जिल्ला व्यास न.पा.१० मा बसोबास गर्ने २५० घरधुरी मध्ये ७५ घरधुरीका ३८२ जना दरै जातिको जनसंख्यालाई नै नमुना अध्ययनको रुपमा केन्द्रित गरी अध्ययन गरिएको छ । यस विषयमा पूर्व साहित्यहरुमा दरै समुदायले परम्परागत पेशा छाडी आधुनिक पेशा अंगाल्ने पद्धतिका बारेमा केन्द्रित भई अध्ययन गरेको पाइएन । अहिलेसम्म यस विषयमा अध्ययन नभएकोले त्यो अभाव पुरा गर्ने प्रयास स्वरुप यो शोधकार्य गर्नुपर्ने आवश्यकता देखिएको हुनाले यो शोधकार्य गरिएको छ । शोधपत्रलाई ६ अध्यायमा विस्तार गरिएको छ । पहिलो अध्यायमा अनुसन्धान परिचय मूल शीर्षक अन्तर्गत अध्ययनको पृष्ठिभूमि, समस्याको कथनमा परम्परादेखि नै जल, पशुपंक्षी पालन, खेतीपाती गर्दै

आएका यी जातिको सामाजिक,सांस्कृतिक जीवनमा पारेको प्रभावलाई विश्लेषण गरिएको छ । यस अध्ययनका उद्देश्यहरु

- दरै जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको पहिचान गर्ने ।
- परम्परागत पेशामा परिवर्तन आउनुका मुख्य कारणहरु पत्ता लगाउने ।
- परम्परागत पेशाको परिवर्तनले आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण गर्ने ।

यस्तै अध्याय दुईमा पूर्व साहित्यको समिक्षा अन्तर्गत सन्दर्भ साहित्यको सिंहावलोकन गरिएको छ । दरै जातिको उत्पति र परिचय, आधुनिकीकरणको सिद्धान्त, उद्विकासको सिद्धान्तको बारेमा केही पूर्व कथनहरुलाई यसमा उल्लेख गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान पद्दतिका बारेमा प्रकाश पार्दै अध्ययनको ढाँचालाई प्रयोग गरिएको छ । अध्ययन क्षेत्रको औचित्यको पुष्टिका साथै अध्ययन क्षेत्रमा जम्मा ७५ घरधुरी दरै रहेकाले उनीहरुको सामाजिक,सांस्कृतिक, आर्थिक तथा शैक्षिक एकाईहरुको अध्ययन गर्ने तथा घरमूलीलाई नमुना छनोटको रुपमा लिइएको छ । तथ्याङ्कका स्रोतहरु प्राथमिक र द्धितिय दुवै रहेका छन् । शोध विधिमा प्रश्नावली, अवलोकन, घरधुरी सर्वेक्षण आदि रहेका छन् ।

अध्याय चारमा अध्ययन क्षेत्रको परिचय सम्बन्धमा देश, जिल्ला, नगरपालिका र वडाको परिचय दिइएको छ । छोटो र सजिलो तरिकाले बुझाउनका लागि नक्साहरु तालिकाहरु प्रयोग गरिएको छ । अध्याय पाँचमा दरै जातिको सामाजिक, सांस्कृतिक, आर्थिक र पेसागत परिवर्तनको स्थिति विश्लेषण गरिएको छ । विश्लेषणलाई सजिलो र छिटो तरिकाले बुझाउनका लागि तालिका प्रयोग गरिएको छ । छैटौ अध्यायमा सारांश र सुझाव शीर्षकमा यस सिंगो शोधकार्य भित्र रहेका मुख्य विषयवस्तु र प्राप्त निष्कर्षहरुका आधारमा के कसरी शोधकार्य भित्र रहेका मुख्य विषयवस्तु र प्राप्त निष्कर्षहरुका आधारमा के कसरी शोधकार्य सम्पन्न गरियो भन्ने बारे सारांशमा पुष्टि गर्न खोजिएको छ । अध्ययनबाट उक्त जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवश्था वृद्धि र विकासको लागि केही महत्वपूर्ण सुझावहरु पेश गर्ने प्रयास गरिएको छ । साथै अन्त्यमा यस शोधकार्यलाई सम्पन्न गर्न विभिन्न समाजशास्त्री, मानवशास्त्री, विद्धान, दार्शनिक, राजनितिज्ञ, विश्लेषकहरुको लेख, रचना, सोधपत्र, पुस्तकहरु आदि सन्दर्भ सामग्रीका रुपमा प्रयोगमा ल्याई यो शोधकार्य सम्पन्न भएकाले तिनीहरुलाई सन्दर्भ सूचीको रुपमा अग्रिम पृष्ठमा उल्लेख गरिएको छ । व्यास नगरका दरै समुदायको सामाजिक रुपान्तरण शीर्षक

राखिएको यस शोधपत्रले यसै शीर्षकका आधारमा यस क्षेत्रमा बसोबास गर्ने दरै जातिका सामाजिक, सांस्कृतिक, आर्थिक तथा पेशागत परिवर्तनको अध्ययन गरी सामाजिक, आर्थिक अवस्थाहरुको अध्ययनबाट दरै जातिको सामाजिक, आर्थिक, अवश्थाको स्थिति ठिकै रहेको निष्कर्ष निकालिएको छ , यिनीहरुको पेशागत स्थिति हेर्दा ३२.५१ प्रतिशत जनसंख्या अझै पनि आफ्नो परम्परागत पेशामा  रहेको, ७.९९ प्रतिशत वैदेशिक रोजगार र ३१.१० प्रतिशत स्वदेशी रोजगारीमा रहेको पाइन्छ भने विद्यालय तथा क्याम्पस पढ्ने विद्यार्थी ३६.३९ प्रतिशत रहेका छन् । तिनीहरु कतिपय निजि संस्थामा काम गर्ने गरेको देखिन्छ । यी तथ्याङ्कबाट दरै समुदाय आफ्नो समृद्ध जीवन जिउन आफ्नो परम्परागत पेशालाई त्यागी आयमूलक अन्य पेशामा लागेका  पाइन्छ ।

दरै समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा नै पछाडि परेका छन् । त्यसको मूल कारण त उनीहरुमा पहिलेदेखि नै अति सबल रुपमा जरो गाडेको अन्धविश्वास र रुढीवादी परम्परा नै हो । जबसम्म विद्यमान यस्ता अन्धविश्वासहरु र रुढीवादी परम्परालाई जरैदेखि उखेल्न सकिदैन, तबसम्म मानिसलाई सचेत बनाउन सकिदैन । यस शोधसारको निष्कर्षबाट दरै समुदायको परम्परागत पेशाबाट जीवन चल्न कठिनाई भएको, सामाजिक मर्यादामा पनि कमी आएको, नियमित आम्दानी नहुने र आम्दानीको स्तर पनि कम भएको कारणले आधुनिकीकरणसँगै परम्परागत पेशा छाड्ने र आधुनिक पेशा अँगाल्ने क्रम तिब्र रुपमा बढेको पाइयो । साथै रोजगारी, व्यापार, वैदेशिक रोजगार जस्ता आधुनिक पेशाहरुले उनीहरुको जीवनस्तर पनि सुधारोन्मुख हुँदै नियमित आम्दानी हुन थालेको, सामाजिक मर्यादा बढ्दै गएको, आम्दानी बढी भएकोले उनिहरुको जीवनस्तर पनि माथि उठ्दै गएको पाइयो । दरै समुदायलाई रोजगारीमूलक तालिम दिने, शिक्षाको पहुँचमा बृद्धि गर्ने र उनीहरुको सर्वाङ्गीण विकासमा ध्यान दिन आजको आवश्यकता छ ।

# विषयसूची


| | | पेज नं. |
|---|---|---|
| *सिफारिस पत्र* | | *i* |
| *स्वीकृति पत्र* | | *ii* |
| *कृतज्ञताज्ञापन* | | *iii* |
| *तालिका सूची* | | *vii* |
| *शोध सार* | | *viii* |
| **अध्याय एक : परिचय** | | **१-६** |
| १.१. | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनको उद्देश्य | ५ |
| १.४ | अध्ययनको महत्व | ५ |
| १.५ | अध्ययनको सीमा | ५ |
| १.६ | अध्ययनको साङ्गठनिक ढाँचा | ६ |
| **अध्याय दुई : साहित्यको पुनरावलोकन** | | **७-१९** |
| २.१ | अवधारणागत पृष्ठभूमि | ७ |
| २.२ | सैद्धान्तिक पुनरावलोकन | १२ |
| २.३ | पूर्व साहित्य समीक्षा | १६ |
| २.४ | अवधारणागत खाका | १८ |
| **अध्याय तीन : अध्ययन विधि** | | **२०-२३** |
| ३.१ | अध्ययन क्षेत्र छनोटको औचित्य | २० |
| ३.२ | तथ्याङ्कका स्रोतहरु | २१ |
| ३.३ | तथ्याङ्कको प्रकृति | २१ |
| ३.४ | प्राथमिक तथ्याङ्क सङ्कलनका विधिहरू | २२ |
| ३.५ | तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण | २३ |

**अध्याय चार : सामाजिक जनसाङ्ख्यिक अवस्था** **२४-४७**
४.१ अध्ययन क्षेत्रको परिचय २४
४.२ शैक्षिक स्थिति ३४
४.३ वातावरणीय स्थिति ३५
४.४ दरै जातिको अन्य जातिसँगको सम्बन्ध ३६
४.५ दरै जातिमा महिलाहरुको स्थिति ३६
४.६ दरै जातिको साँस्कृतिक अवस्था ३७
४.७ अध्ययन क्षेत्रका दरैहरुको साँस्कृतिक अवस्था ३७
४.८ चाडपर्व ४६
**अध्याय पाँच : दरै जातिको आर्थिक र पेशागत अवस्था** **४८-६१**
५.१ आर्थिक अवश्था ४८
५.१.१ अध्ययन क्षेत्रका दरै जातिको आर्थिक अवश्था ४८
५.१.२ पेशा ४९
५.१.३ आर्थिक रुपले सकीय र निष्क्रिय जनसंख्या ५०
५.१.४ भू-स्वामित्व ५१
५.१.५ वार्षिक आयव्यय ५२
५.२ दरै परिवारमा आम्दानीले खान पुग्ने र नपुग्ने स्थिति ५५
५.३ पशुपंक्षीपालन ५५
५.४ स्वास्थ्य सेवा उपचार ५६
५.५ छोराछोरी विद्यालय पठाएको अवस्था ५७
५.६ घरमुलीको स्थिति ५७
५.७ सामाजिक तथा आर्थिक क्षेत्रमा आएको परिवर्तन ५८
५.८ शिक्षामा आएको परिवर्तन ५९
५.९ महिलाको स्थितिमा आएको परिवर्तन ६०
५.१० सन्तानप्रतिको अवधारणामाआएको परिवर्तन ६१
५.११ आधुनिक सामानको प्रयोगमा आएको परिवर्तन ६१

**अध्याय छ : सारांश निष्कर्ष र सुझाव** **६२-६८**

६.१ सारांश ६२

६.२ निष्कर्ष ६५

*अनुसूचि एक : अन्तरवार्ता अनुसूचिहरु*

*अनुसूची दुई : मूख्यजानकार व्यक्तिहरुसंगको अन्तरवार्तामा सहभागी नामावली*

*अनुसूची तीन : अध्ययनका क्रममा खिचिएका फोटोहरु*

*अनुसूची चार: अध्ययनको क्षेत्रको नक्सा*

# तालिका सूचि


| तालिका | शीर्षक | पेज |
|---|---|---|
| ४.१ | धर्मको आधारमा जनसंख्या | २६ |
| ४.२ | अध्ययन क्षेत्रका दरै जातिको जनसंख्या विवरण | २८ |
| ४.३ | उमेरको आधारमा उत्तरदाताको जनसाङ्ख्यिक विवरण | ३० |
| ४.४ | उत्तरदाताको पारिवारिक ढाँचा | ३१ |
| ४.५ | उत्तरदाताको पारिवारिक विवरण | ३२ |
| ४.६ | उत्तरदाताको घरको बनावट र छानाको स्थिति | ३३ |
| ४.७ | उत्तरदाताको शैक्षिक स्थिति | ३४ |
| ४.८ | उत्तरदाताको हासिल गरेका तहगत शैक्षिक अवस्था | ३५ |
| ४.९ | उत्तरदाताले प्रयोग गर्ने भाषा विवरण | ३९ |
| ५.१ | उत्तरदाताको विभिन्न पेशामा संलग्न जनसंख्या | ५० |
| ५.२ | उत्तरदाताको आर्थिक रुपले सक्रीय र निष्क्रिय जनसंख्या विवरण | ५१ |
| ५.३ | उत्तरदाताको स्वामित्वमा रहेको जग्गाको स्थिति | ५२ |
| ५.४ | उत्तरदाताको परिवारको वार्षिक आम्दानी | ५३ |
| ५.५ | उत्तरदाताको वार्षिक खर्च विवरण | ५४ |
| ५.६ | उत्तरदाताको परिवारमा खान पुग्ने र नपुग्ने स्थिति | ५५ |
| ५.७ | उत्तरदाताले पालेका पशुपंक्षीको विवरण | ५६ |
| ५.८ | उत्तरदाताको स्वास्थ्य सेवा, सुविधा र सुचना लिने विवरण | ५६ |
| ५.९ | उत्तरदाताको छोराछोरीविद्यालय पठाएको विवरण | ५७ |
| ५.१० | उत्तरदाताको घरमुलीको अवस्था | ५८ |